# डिभिजन वन कार्यालय कास्कीको
## खडा रुख पुनः लिलाम विक्री सम्बन्धि बोलपत्र आब्हानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/२३

वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसले संरक्षण एवं भोगचलन गर्दै आएको पोखरा म. न. पा. १५ स्थित वनपालेडाँडाको वनक्षेत्रको दक्षिणछेउ हुँदै अमिन्तरा जाने सडकको दायाँतर्फ जोखिमयुक्त अवस्थामा रहेका सिसौ, चिलाउने, मौवा प्रजाति समेतका १२४ वटा रुख (८८ वटा सिङ्गा रुख र ३६ वटा रुखको हाँगाविङ्गा मात्र हटाउने) समेतको छपान मूल्यांकन परिमाण अनुसारको ११८८.७४ घ. फि. काठ र ५.०९ चट्टा दाउरा) आफ्नै खर्चमा रुखहरु तथा रुखका हागाविङ्गा कटान, मुछान, संकलन गरी उठाई लैजानु पर्ने गरी खडा रुख लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

डिभिजनल वन अधिकृत